सर्वोच्च अदालत काठमाडौं

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री तेज बहादुर के.सी.

**आदेश**

०७८-FN-०६३२(०७८-WO-०६१४)

विषयः-आदेश संशोधन गरी पाउँ ।

रुक्शना कपाली ---------------------------------------------------------------- निवेदक

विरुद्ध

गृह मन्त्रालय, सिंहदरबार काठमाडौं समेत ------------------------------------------- विपक्षी

मुद्दाः- उत्प्रेषण परमादेश समेत।

यसमा निवेदक क्वयेर युथ ग्रुपको तर्फबाट अख्तियार प्राप्त रुक्शना कपाली विपक्षी गृह मन्त्रालय, सिंहदरबार काठमाडौं समेत भएको ०७८-WO-०६१४ नं. को उत्प्रेषणको रिट निवेदनमा मिति २०७८।९।६ मा एकल इजलासबाट आदेश हुँदा आदेशखण्डको दोस्रो हरफमा **"रिट नं. ०७७-WO-०६९५"** हुनपर्नेमा "रिट नं. ०७७-WO-०९७३" हुन गएकोले संशोधन गरी पाउँ भनी निवेदक रुक्शना कपालीले निवेदन दिएकोले निवेदन माग बमोजिम उक्त आदेशको दोस्रो अनुच्छेमा "रिट नं. ०७७-WO-०९७३" को सट्टामा **"रिट नं. ०७७-WO-०६९५"** कायम हुने गरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ९४ र न्याय प्रशासन ऐन, २०७३ को दफा १८ अनुसार संशोधन गरिदिएको छ।

प्रस्तुत संशोधन आदेश यस अदालतको मिति २०७८।९।६ गतेको एकल इजलासको आदेशको अभिन्न अङ्ग हुने हुँदा मिसिल साथै राखी विपक्षीलाई जानकारी दिई नियमानुसार गर्नू।

न्यायाधीश

इति संवत् २०७८ साल फाल्गुन १३ गते रोज ६ शुभम् ------------------------------।